# नेपाल सरकार
## ककनी गाउँपालिकाको
# **नीति तथा कार्यक्रम २०७४/७५**

दश वर्षको महान् जनयुद्ध, संयुक्त जनआन्दोलन लगायतका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप मुलुकमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता लगायतका केही महत्वपूर्ण जनअधिकारहरु स्थापित भई हामी स्थानीय तहको निर्वाचन पश्चातको महत्वपूर्ण चरणमा छौ ।

नेपालको संविधानले स्थानीय तहलाई नै अधिकार सम्पन्न बनाउन जोड दिएको छ । संविधानको अनुसूची ८ मा २२ वटा विषयगत क्षेत्राधिकार तोकेको छ । ती क्षेत्राधिकारको प्रयोग र उपभोगको लागि स्थानीय तह स्वयम्ले नै नियम, कानुनहरु बनाउन सक्ने व्यवस्थापकीय अधिकार प्रदान गरेको छ । शान्ति, सुरक्षा लगायत दैनिक प्रशासन सञ्चालनको लागि कार्यकारीको अधिकार पनि स्थानीय तहलाई नै प्रदान गरिएको छ । त्यस्तैगरी न्यायिक निरुपणका लागि न्यायपालिकाको पनि व्यवस्था गरिएको छ । यी सबै कार्यहरुको जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

**१. जनसहभागितामूलक समावेशी लोकतन्त्रको जग नै स्थानीय तह :**

स्थानीय तहको राजनीतिक प्रणालीलाई वास्तविक र समावेशी जनसहभागितामूलक बनाईने छ । समानुपातिक प्रणालीमा प्रत्येक समुदायबाट गरिबीको रेखामुनि रहेका किसान, मजदुर, दलित लगायतलाई प्राथमिकता दिइने छ । स्थानीय तहलाई प्राप्त अधिकारको प्रयोग गरी गाउँ सभाहरुबाट जनमुखी ऐन तथा कानुनहरु बनाउन जोड दिइने छ ।

**२. सुशासन** :

गाउँपालिकाको दैनिक प्रशासनलाई जनसेवामुखी, प्रभावकारी, छिटो छरितो, सरल, सर्वसुलभ, पारदर्शी र उत्तरदायी बनाइने छ । गाउँपालिकाको सार्वजनिक प्रशासनलाई भ्रष्टाचार मुक्त बनाइने छ । योजनाहरु कार्यान्वयन भएको, नभएको अनुगमन र निरीक्षण प्रणालीलाई प्रभावकारी बनाइने छ । प्रशासनिक जनशक्तिको व्यवस्थापन गर्दा अनुभव, क्षमता र योग्यताअनुरुप उपयुक्त पात्रलाई उपयुक्त स्थानमा राख्ने मान्यतालाई अवलम्वन गरिने छ । वडाहरुबाट प्रदान गरिने दैनिक सेवाहरुलाई सर्वसुलभ, छिटोछरितो र प्रभावकारी बनाइने छ ।

**३. भूमि नीति :**

भूमिमाथि जोताहा किसानहरुको स्वामित्वलाई सुनिश्चित गरिनेछ । जमिनलाई अव्यवस्थित घरघडेरी लगायतका अनुत्पादक क्षेत्रमा प्रयोग गर्न, बाँझो राख्न र खण्डिकरण गर्नलाई नियन्त्रण गरी जमिनलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गरिनेछ । गाउँपालिकाभर रहेका गुठी जग्गाहरुको लगत संकलन गरी भूमिमाथि किसानको अधिकारलाई स्थापित गराईने छ ।

**४. कृषि :**

कृषि उत्पादनलाई गुणात्मक रूपमा विकास गर्नका लागि बिषयगत क्षेत्र घोषणा गरी कार्यान्वयन गरिने छ। पासाङ्ग ल्हामु राजमार्ग आसपासको क्षेत्रलाई **ट्राउट जोन** बनाईने छ। ककनी गाउँपालिकामा उत्पादन गरिने मूला खेती, स्ट्रवेरी तरकारी खेती, पशुपालनलाई प्रोत्साहन गरिने छ। गाउँपालिकाको भूमिलाई बिस्तृत अध्ययन गरी चियाखेती अलैची खेती लगायत सम्भाव्य नगदेबाली उत्पादन गर्न जोड दिईने छ। गाउँपालिकाका उर्वरायोग्य भूमिमा सिंचाईको व्यवस्था गर्नका लागि अभियानकै रुपमा सिंचाई कार्यक्रम संचालन गरिने छ। कृषिको लागि आवश्यक पर्ने मल, विऊ, कीटनाशक औषधि लगायतका औजारहरु सर्वसुलभ बनाइने छ। दुध उत्पादन, दुध चिस्यान केन्द्र निर्माण गरिने छ। कृषि बजारको व्यवस्थालाई व्यवस्थित गरी गाउँपालिकामा कृषि उपजहरुको बजारको व्यवस्था गरिने छ। गाउँपालिकामा कृषि उपजको भण्डारण र शितभण्डारणको व्यवस्था गरिने छ। कृषि उत्पादनमा सहकारी प्रणालीलाई प्रोत्साहित गरिनेछ। साना तथा गरीविका रेखामुनि रहेका किसानहरुको लागि सहुलियत व्याज दरमा कृषि ऋणको व्यवस्था गरिने छ।

**५. ग्रामीण पूर्वाधारको विकास :**

प्रत्येक वडाहरुमा सफा खानेपानी पुऱ्याईने छ। शौचालय, सरसफाई, फोहरमैला व्यवस्थापन, स्वास्थ्य सेवा केन्द्र, खेलमैदान, यातायात, इन्टरनेटको सेवालगायतका सूचना संचार केन्द्र आदि आधारभूत संरचनाहरु निर्माण गरिने छ। ट्र्याक खुलेका सम्पूर्ण ग्रामीण सडकहरुलाई पूर्ण बनाईने छ।

**६. भूकम्प र पुननिर्माण :**

भूकम्प पीडितको बस्तुगत तथ्यांक संकलन गरी लाभग्राहीको सूचीमा नाम छुटेका व्यक्तिहरुलाई लाभग्राहीको सूचीमा समावेश गर्न अवश्याक सम्पूर्ण कार्य गरिने छ।

**७. वन संरक्षण**

ककनी गाउँपालिका भरी वन संरक्षण, भू-संरक्षण, तटवन्धहरुको निर्माण, वृक्षारोपण, जैविक विविधताको संरक्षण र जडिबुटीको संरक्षण र उत्पादन लगायतका कार्यक्रमहरु सञ्चालन गरी हरियाली नेपाल निर्माणमा जोड दिइने छ।

**८. शहरी विकास** :

ककनी गाउँपालिका तीव्र रुपमा शहरीकरण हुदै गएकोले यसलाई व्यवस्थित गर्न अल्पकालिक र दीर्घकालीन योजनाको तर्जुमा गरिने छ। तत्काल शहरी क्षेत्रमा सर्वसुलभ खाने पानीको व्यवस्था, फोहरमैलाको व्यवस्थापन, आदिको अविलम्व विकास गरिने छ।

**९. आर्थिक विकासको नीति :**

आर्थिक विकासको क्षेत्रमा सार्वजनिक क्षेत्रलाई प्राथमिकता र नेतृत्वदायी भूमिका, सहकारी प्रणालीलाई प्रोत्साहन र निजी क्षेत्रलाई सहयोगीको रुपमा लिइने छ। गैरआवासीय नेपालीहरुको पूँजी, सीप र दक्षतालाई कृषि तथा औद्योगिक विकासको क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ। विकास निर्माणमा श्रम प्रधान र जनसहभागितामुलक परियोजनाहरुमा जोड दिइने छ।

**१०. उपभोक्ताहितमुखी बजार व्यवस्था :**

बजारमा बढ्दो महंगी, कालोबजार, एकाधिकार बजार, कृत्रिम अभाव आदिलाई नियन्त्रण गरी उपभोक्ता हितको संरक्षणमुखी बजारको व्यवस्था गरिने छ।

**११. पर्यटन व्यापार : उद्योगमा रुपान्तरण :**

ककनी गाउँपालिकाको ककनी रानीपौवा हिले जगरे, ट्राउट हाई वे तथा स्ट्रवेरी उत्पादन क्षेत्र लगायतको क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गरी पर्यटन उद्योगको रुपमा विकास गरिने छ ।

**१२. सांस्कृतिक सम्पदाहरुको संरक्षण : नेपालको पहिचान**

बहुभाषी र बहुसांस्कृतिक विविधतायुक्त विशेषता बोकेको ककनी गाउँपालिकामा दलितहरुको संस्कृति, तामाङ्ग समुदायको ल्होसार-संस्कृति, बलामी समुदायको जात्रा-संस्कृति, नेवार समुदायको संस्कृति, राई समुदायको संस्कृति, क्षेत्री ब्राम्हण समुदायको संस्कृति लगायत सबै संस्कृतिहरुको संरक्षण गरिने छ । परन्तु यी संस्कृतिमाथि बाह्य सांस्कृतिक अतिक्रमण बढ्दो छ । अर्कोतर्फ परम्परागत संस्कृतिको नाममा रुढिवादी संस्कृतिहरु पनि अझै कायम छन् । अतः रुढिवादी संस्कृति र बाह्य अतिक्रमित संस्कृतिलाई निरुत्साहित गर्दै असली जनसंस्कृति र ऐतिहासिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्न जोड दिइने छ । त्यस्तैगरी जनपक्षीय साहित्य-कला, संगीतको संरक्षण र सम्बर्द्धनमा जोड दिइने छ । सबै धर्म सम्प्रदायको संरक्षण गरिने छ । धार्मिक सहिष्णुता कायम गर्न मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद निमार्ण कार्य योजना बनाई कार्यन्वयन गरिने छ । सबै धर्म समुदायको रीतिरिवाज संस्कृति अनुसारको मरणघाट मरणपाटी चिहान निर्माण गरिने छ ।

**१३. प्राकृतिक स्रोतमाथि स्थानीय जनताको अग्राधिकार :**

गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोत र साधनमाथि स्थानीय जनताको अग्राधिकार कायम गरिने छ । जल स्रोत, वनसम्पदा र खनिज पदार्थ आदिको प्रयोग गर्दा वातावरणीय प्रतिकूलता नहुने गरी गरिने छ । कुनै पनि प्राकृतिक स्रोत र साधनहरु उद्योगको दृष्टिले कच्चा पदार्थ भएकोले त्यसको संकलन, उत्खनन वा प्रशोधन गर्दा औद्योगिक उत्पादनसँग जोड्ने गरी गरिने छ ।

**१४. श्रम र रोजगार :**

प्रत्येक गाउँमा युवा स्वरोजगार र गरिबी निवारण कोष खडा गरी रोजगारको व्यवस्था गरिने छ । श्रमलाई सम्मान गर्ने परिपाटीको विकास गरिने छ । श्रमको आधारमा रहेका विभेदलाई निरुत्साहित गरिने छ ।

**१५. शिक्षा र स्वास्थ्य गाउँपालिकाको दायित्व :**

वालवालिकाहरुलाई अनिवार्य शिक्षा कार्यक्रम लागु गरिने छ । सवै विद्यालयहरुलाई भौतिक रुपमा साधन सम्पन्न बनाईने छ । प्रत्येक वडामा निःशुल्क, गुणस्तरीय सर्वसुलभ स्वास्थ्य उपचारको सेवा दिने व्यवस्था गरिने छ । सवै वडाहरुमा दक्ष जनशक्तिसहितको स्वास्थ्य चौकीको व्यवस्था गरिने छ । रानीपौवामा रहेको प्राथमिक स्वास्थ केन्द्रलाई १५ शैयाको अस्पतालको रुपमा विकास गरिने छ ।

**१६. समाज कल्याण र राज्यको दायित्व :**

समाज कल्याणको क्षेत्रमा सुत्केरी महिला र बच्चाको निम्ति भत्ताको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरुको सन्दर्भमा खाद्यान्न, आवास, संरक्षण तथा पुर्नस्थापनाको व्यवस्था सुनिश्चित गरिने छ ।

**१७. सामाजिक न्याय र विशेष अधिकार :**

सामाजिक न्यायको क्षेत्रमा सामाजिक रुपले विगतमा उत्पीडनमा पर्दै आइरहेका महिला, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक, आर्थिक, राजनीतिक क्षेत्र लगायत सबै क्षेत्रमा विशेषाधिकारको व्यवस्था गरिने छ । लैंगिक उत्पीडनको अन्त्य गरिने छ ।

**१८. आदिवासी जनजातिको अधिकार :स्वायत्तता र अग्राधिकार**

आदिवासी जनजाति समुदायको हकमा जमिन, जंगल र जलस्रोतमाथि अग्राधिकार कायम गर्दै त्यसको सञ्चालन र प्रयोग तथा उपभोगमा पनि अग्राधिकारको व्यवस्था गरिने छ ।

**१९. शान्ति सुरक्षा र जनसहभागिता :**

शान्ति सुरक्षाको व्यवस्था स्थानीय तहलाई क्षेत्राधिकार तोकिएको छ । अतः शान्ति सुरक्षालाई प्रभावकारी बनाउन, चुस्त प्रहरी निकायको गठनका साथै सुरक्षामा जनसहभागितामूलक नीतिलाई अवलम्वन गरिने छ ।

**२०. सूचना संचारः जनजागरणको आधार :**

सूचना संचारलाई पनि स्थानीय तहलाई क्षेत्राधिकार तोकिएको छ । जनमुखी सूचना सञ्चार प्रणालीलाई अवलम्वन गर्न जोड दिइने छ । गाउँ गाउँमा फ्रि वाइफाइको व्यवस्था गरिने छ ।

**२१. युवा र खेलकुद**

युवाहरुको सर्वाङ्गिन विकासको लागि प्रत्येक गाउँ/नगर र वडाहरुमा खेलकुद मैदानको व्यवस्था गरी खेलकुदको विकासको व्यवस्था गरिनेछ ।

**२२. फोहोरमैला व्यवस्थापन :**

फोहोरमैला व्यवस्थापनका लागि अधिकार सम्पन्न संरचना तयार गरिने छ । फोहोरबाट प्रभावित वासिन्दाहरुको लागि स्वास्थ्य सुरक्षा भत्ताका लागि प्रक्रिया अगाडि बढाईने छ । ल्याण्डफिलसाईट क्षेत्रमा कम्पोष्ट मल उद्योगको स्थापना गरिने छ । ल्याण्डफिल साईटको प्रदुषण न्यून गरी प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । फोहोरमा कार्यरत कर्मचारीको वीमा र स्थायी रोजगारीको लागि कार्यक्रम तयार गरिने छ ।

**आदरणिय आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरु**

उपरोक्त नीति कार्यक्रमहरु कार्यान्वयनका लागि ककनी गाउँपालिका सक्षम र सवल रहेको हुनाले समृद्ध ककनी गाउँपालिका निर्माण अभियानमा सहभागी हुन सम्पूर्ण आदरणीय ककनी गाउँपालिकावासी जनसमुदायमा ककनी गाउँपालिका हार्दिक आग्रह गर्दछ । धन्यवाद !